नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- 06S/080
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 603

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

मिति :............................
२०७९/८/७

विषयः <u>सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।</u>

श्री स्थानीय तह, सबै।

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था अनुसार चालु आ.व २०७९/८० को नवीकरण कार्य सम्पन्न भएकै होला। सोही सम्बन्धमा नवीकरण नभएका लाभग्राहीहरुको विवरण लगत कट्टा हुने हुँदा नवीकरणको म्याद समाप्त भएपश्चात् निवेदन प्राप्त भएमा उल्लिखित कार्यविधिको दफा (४) को उपदफा (६) अनुसार नयाँ लाभग्राही सो सरह सूचिकरण गर्नु गराउनु हुन अनुरोध छ।

साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण भइरहेको छ। नवीकरणको म्याद समेत सोही अनुरुप हुने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/५/२७ को निर्णयानुसार सामाजिक सुरक्षा नियमावली, २०७६ समेत संशोधन भएको छ। तसर्थ, सामाजिक सुरक्षा नियमावली (दोश्रो संशोधन), २०७९ अनुसार आगामी आ.ब २०८०/८१ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्ने म्याद प्रत्येक आर्थिक वर्षको श्रावण महिनादेखि भदौ मसान्तभित्र रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

2079/8/6

(सागर मणि पाठक)
निर्देशक